बैठक संख्याः०६-२०८३/०८४

आज मिति २०८३ कार्तिक १० गते सोमबारका दिन यस लालझाडी गाउँपालिकाका कार्यबाहक अध्यक्ष श्री सपना चौधरी राना ज्यूको अध्यक्षता तथा तपसिलका कार्यपालिका सदस्यहरूको उपस्थितिमा बैठक बसी देहाय बमोजिमका प्रस्तावहरू माथि छलफल गरी निर्णयहरू पारित गरियो।

उपस्थितिः

क्र.सं.	नाम, थर	पद	हस्ताक्षर
१	श्री सपना चौधरी राना	का.बा.अध्यक्ष	
२	श्री प्यारेलाल राना	वडा अध्यक्ष-वडा नं. १	
३	श्री टिकाराम डगौरा	वडा अध्यक्ष- वडा नं. ३	
४	श्री बहादुर राना	वडा अध्यक्ष- वडा नं. ४	
५	श्री पहल बहादुर थापा	वडा अध्यक्ष- वडा नं. ५	
६	श्री हर्क नारायण जोशी	वडा अध्यक्ष- वडा नं. ६	
७	श्री वसमती राना	कार्यपालिका सदस्य	
८	श्री दिलमाया चौधरी	कार्यपालिका सदस्य	
९	श्री विन्दु देवी तिरूवा	कार्यपालिका सदस्य	
१०	श्री शान्ती सार्की	कार्यपालिका सदस्य	
११	श्री गीता देवी कोली	कार्यपालिका सदस्य	
१२	श्री दुर्गा देवी कामी	कार्यपालिका सदस्य	
१३	श्री रामदास राना	का.बा. वडा अध्यक्ष-वडा नं. २	
१४	श्री हिमाल डगौरा	सदस्य-सचिव	
१५	श्री भरत बहादुर चन्द	प्रशासकीय अधिकृत	
१६	श्री बैजनाथ चौधरी	इन्जिनियर	

लालझाडी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय शकरपुर, कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल

निर्णय नं. १:

लालझाडी गाउँपालिका स्थित रहेका बिभिन्न घाटमा रहेको ढुंगा, गिट्टी, बालुवा व्यवस्थापन गर्नका लागि भारी मेसिनरी सवारी साधन(ब्याक हो लोडर, स्काभेटर) चलाउनु पर्ने आवश्यकता देखिएको, गाउँपालिकाबाट सोको सन्दर्भमा गरिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा प्रस्ताव गरिएको चारकिल्ला भित्र रेखांकन गरी विशेष परिस्थितिमा कार्ययोजना अनुरूप मेसिनरी उपकरण प्रयोग गर्न सकिने उल्लेख गरिएको,ढुङ्गा, गिट्टी, बालुवा उत्खनन बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ मा उत्खनन् गर्दा सामान्यतः श्रममूलक प्रविधिको प्रयोग गर्नु पर्न र मेसिनको प्रयोग गर्नु पर्ने भएमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित शर्त र सीमा भित्र रही गर्नु पर्ने साथै विपद जोखिम संवेदनशील क्षेत्रमा मेसिनको प्रयोग गर्नु पर्ने भएमा जिल्ला विपद व्यवस्थापन समितिको अनुमती लिनु पर्ने कानूनी प्रावधान रहेको र यस लालझाडी गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ को दफा ५० मा यसैको अधिनमा रही नियमावली बनाउन सक्ने व्यवस्था भए बमोजिम **लालझाडी गाउँपालिकाको नदीजन्य पदार्थ व्यवस्थापनमा मेसिनरी उपकरण प्रयोग सम्बन्धी कार्यविधि, २०८३** पारित गरियो र कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।